शैल्यशिखर नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

गोकुलेश्वर, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

## ढुङ्गा, गिट्टी, बालुवा उत्खनन एवंम् संकलन गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१।०८।१० गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, को दफा ११ (घ) उपदफा २ र सोही ऐनको दफा ६२(क), सुदूरश्चिम प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन बनेको विद्येयक २०८१, यस शैल्यशिखर नगरपालिकाको आर्थिक ऐन २०८१, ढुङ्गा, गिट्टी, वालुवा सङ्कलन उत्खनन् बिक्रि वितरण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८१ बमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी शैल्यशिखर नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी आ .व.२०८१/०८२ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रक्रिया पूरा गरेका योग्य ईच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र न्यूनतम मूल्यमा नघट्ने गरी PPMO को वेबसाइट http://www.bolpatra.gov.np बाट Bid Document Download गरी ३१ औं दिनको १२:०० बजे भित्र E-bidding मार्फत बोलपत्र पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।।

**ठेक्का विवरण**

| सि. नं | सूचना नं./ ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०८१/८२ को लागि निर्धारण गरिएको उत्खनन्/बिक्री परिमाण (घ.मि) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | SM/NCB/ CL-01- 2081/082 | चौलानी नदी अन्तर्गत शैल्यशिखर नगरपालिका क्षेत्रको बारिल, लुईटा, कुकुडेपानी, छोला, कर्कले, डुङरेबगड र | ४७,४३३.९४३ घन मि. (अक्षरेपी सटचालिस हजार चार सय तेत्तिस | ६७,००४,८३.०४।– (अक्षरेपी सतसठ्ठी लाख चार सय | कूल कबोल अंङ्को ५% ले हुन आउने धरौटी रकम १५० दिन | ३०००।- |

शैल्यशिखर नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

गोकुलेश्वर, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

शैल्यशिखर नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोकुलेश्वर, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

सुरेन्द्रबहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नौगाड खोलाको रौतेउडा IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन | दशमलव नौ चार तिन) | त्रियासी रुपैंया चार पैसा मात्र) | म्याद भएको बैंक जमानत (मूकर .अ. सहित) | |

**बोलपत्रका शर्तहरु**

१. फर्म/कम्पनीको हकमा नवीकरण भएको दर्ता प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, आ.व. २०८१।०८२ सम्मको करचुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी र वोलपत्र फाराम दस्तुर वापत नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लि. शाखा कार्यालय गोकुलेश्वरमा रहेको यस कार्यालयको आन्तरिक राजश्व हि.नं. २९७०१४००००००७९ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजेसम्म PPMO को वेवसाइट http://www.bolpatra.gov.np बाट Download गरी E- Bidding मार्फत पेश गर्नु पर्नेछ । कार्यालयमा प्राप्त भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे खोलिनेछ ।

१. वोलपत्र भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कवोल गरेको अंकको ५ %को दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक शाखा कार्यालय गोकुलेश्वरमा रहेको धरौटी हि.नं. २९७०१४००००००३१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १५० दिनको म्याद सहित जारी गरिएको विड वण्ड वोलपत्र साथ पेश गर्नु पर्नेछ ।
२. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।
३. रीतपुर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिनको ठिक २.०० बजे कार्यालयका प्रतिनिधि, ठेकेदार वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा

बोलपत्र खोल्न बाधा पर्ने छैन्। उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

४. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १.०० बजे यस शैल्यशिखर नगरपालिकाको कार्यालयमा हुनेछ र इच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन विदा परेमा बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी वोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

६. म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका वोलपत्रहरु स्वीकार गर्न कार्यालय वाध्य हुनेछैन। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

७. स्वीकृत रकम ३ तिन किस्तामा विभाजन गरिनेछ । पहिलो किस्ता ३५ प्रतिशत दोस्रो किस्ता ४० प्रतिशत र तेस्रो किस्तामा २५ प्रतिशत हुनेछ । पहिलो किस्ता रकम सम्झौता गरेकै दिन अग्रिम रुपमा दाखिला गरेको हुनुपर्नेछ । दोस्रो किस्ता चैत्र मसान्त र तेस्रो किस्ता ज्येष्ठ मसान्त सम्म बुझाउनुपर्नेछ । साथै दोस्रो किस्ता र तेस्रो किस्ता बरावर रहेको रकमको मिति २०८२ असार मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ । एकमुष्ठ अग्रिम रुपमा बुझाउदा बैंक ग्यारेन्टी आवश्यक पर्नेछैन ।नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा मिति २०८२ अषाढ मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ साथै ठेक्का कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई  आयकर तथा अन्य कर ठेकेदारले छुट्टै बुझाउनु पर्नेछ ।

८. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ।

९. शैल्यशिखर नगरपालिकाको खानी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं नेपाल सरकारबाट भएका निर्देशनहरु,

शैल्यशिखर नगरपालिकाबाट स्वीकृत गरिएको वातावरणीय प्रतिवेदन र यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

१०. सम्झौता नगरी अस्थायी ठेक्का चलानपूर्जी दिईनेछैन। समयमा सम्झौता नगरी ठेक्का चलान पूर्जी नलिएको कारणबाट कुनै किसिमको छुट र मिनाहा हुनेछैन ।

११. कर, दस्तुर, शूल्क आदि तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ ।

१२. कर, दस्तुर, शूल्कको दर लगायत अन्य शर्तहरु वोलपत्र फारममा उल्लेख गरिएको छ । नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ। सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

१३. शूल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ।

१४. ठेक्का सम्झौता भएपछि कर कार्यालयको कर क्लियरेन्स फुकुवापत्र प्राप्त भए पछि मात्र धरौटी रकम फिर्ता गरिनेछ। सम्मानित अदालत, नेपाल सरकारको निर्देशन तथा आदेशको पालना गर्नु गराउनु ठेकेदारको कर्तब्य हुनेछ। निर्देशन वा आदेशको पालना नगरेको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा क्षतिपूर्ति स्वरुप कुनै पनि रकम कार्यालयमा दावी गर्न पाईनेछैन्।

१५. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय सरकारले तर्जुमा गरेका ऐन, नियम र निर्देशिका, सम्बन्धित स्थानीय सभाले गरेका निर्णय र प्रचलित कानुन अनुसार हुनेछ।

१६. ठेक्काको कर असुल गर्नु पर्ने दर रेटको सूची तालिका र शर्तहरु सम्बन्धित स्थानीय तहलाई बुझाउनु पर्ने किस्ता रकम नबुझाई बाँकी रहेकोमा वा अन्य कुनै दायित्व बाँकी रहेमा निजको वोलपत्र स्वीकृत गर्न कार्यालय बाध्य हुनेछैन्।

१७. स्थानीय तहले निर्देशन दिई शूल्क नलिने भनी पत्र लेखेकोमा ठेकेदारले दस्तुर लिन पाउने छैन। त्यसरी दस्तुर नलिई छोडेको रकम सम्बन्धित कार्यालयबाट माग गर्न पाउनेछैन्।

१८. तोकिएको म्याद भित्र ठेकेदारले स्थानीय तहलाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा स्थानीय तहले ठेक्का तोडन सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको १०% का दरले ब्याज समेत ठेकेदारबाट असुल गर्नेछ ।

१९. एउटा स्थानीय तहबाट कर असूल गरी सकेको निर्माण सामग्रीमा अन्य स्थानीय तहबाट कर लगाउन पाइनेछैन्।

२०. नेपाल सरकारको निर्णय स्थानीय तह र सभाबाट ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा सोही संशोधन बमोजिम ठेकेदारले कार्यान्वयन गर्नु पर्नेछ।

२१. सूचना वा यस वोलपत्र फाराममा कुनै त्रुटी भएमा नगरकार्यपालिकाको निर्णयनुसार हुनेछ।

२२. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन ।

२३. ठेक्काको संकलन केन्द्र निम्नअनुसार स्थानमा राख्नु पर्नेछ।तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नु पर्ने भएमा स्थानीय तहको पूर्व स्वीकृति लिएर मात्र राख्न पाईनेछ ।

२४. सम्बन्धित निकायको स्वीकृत वातावरणीय मुल्याङ्कन प्रतिवेदनमा सिफारिस भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा ढुंगा, गिट्टी, र बालुवा उत्खनन् र तोकिएको स्थानमा घाटगद्दी गरी बिक्रि वितरण गर्नु पर्नेछ ।

शैल्यशिखर नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोकुलेश्वर, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

सुरेन्द्रबहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

२५. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा बिक्रीका सम्बन्धमा जिल्ला अनुगमन समिति, स्थानीय अनुगमन समिति र शैल्यशिखर नगरपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

२६. नदीजन्य तथा खानीजन्य सामग्रीमा प्रति घन मिटर बिक्रि दरमा नियमानुसार सेवा शूल्क र मु.अ.कर वापत थप गरी बिक्री तथा निकासी कर संकलन गर्न पाइनेछ। साथै तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परिमाण उत्खनन् वा निकासी गर्न रोक लगाईनेछ। परिमाण पछि थपघट भएमा वा सो सम्बन्धी अन्य कुनै ब्यवस्था भएमा सोही अनुसार हुनेछ। साथै तोकिएको समय भित्र निर्धारित परिमाण ठेकेदारले निकाल्न नसकेमा अर्को आर्थिक बर्ष म्याद थप हुने छैन् ।

२७. निर्माण सामग्रीहरु उत्खनन् र संकलन तथा विक्रि गर्दा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

२८. नदी खोलाबाट उत्खनन गरेको परिमाणको लगत प्रत्येक महिनाको पहिलो साताभित्र अनिवार्य रुपले प्रमाणित गरी सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ ।

२९. नदीबाट निर्माण सामग्रीहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न पाईने छैन् अन्यथा नियमानुसार कारवाही हुनेछ ।

३०. ठेकेदारले यसमा भएका सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको अनुगमन स्थानीय तहको कार्यालयबाट हुनेछ। यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सो बाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन् र त्यसको क्षतिपूर्ति दिन बाध्य हुनेछैन् ।

३१. नदी खोलाबाट निर्माण सामग्रीहरु उत्खनन् र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, वालुवा आदि सङ्कलन तथा ढुवानी गर्नु पर्नेछ ।

३२. निर्माण सामग्रीहरु उत्खनन् गर्न नदी सम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ। सो वापत लागेको खर्च स्थानीय तहमा दावी गर्न पाइनेछैन ।

३३. नदी खोलाबाट निर्माण सामग्रीहरु उत्खनन् गर्दा नजिक रहेको सडक वन तथा नदी खोलाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र अर्काको जग्गा, कूलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ।

३४. पुल, कल्भर्ट, कजवे, सडक, वाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवै तर्फ ५०० मी. भित्र निर्माण सामग्रीहरु उत्खनन् र संकलन गर्न पाइनेछैन् ।

३५. मुख्य मार्गबाट वोल्डर, ग्राभेल वालुवा उत्खनन् गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले निर्माण गर्नु पर्नेछ ।

३६. स्थानीय तहबाट निर्धारण भएको दर वमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शूल्क वा दस्तुर लिन पाइनेछैन् र स्थानीय तहका कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय संकलन गर्न पाइनेछैन्। यदि कुनै त्यस्तो अनाधिकृत रकम असुल गरेको वा अनाधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुँदा वा अन्य कतैबाट भएको उजुरीउपर छानवीन गर्दा देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

३७. यस सूचना वमोजिम सम्झौता भई ठेक्का चलानपुर्जी जारी गरिए पछि कुनै किसिमको मिन्हा हुने छैन्।

३८. ठेक्का सम्झौता भएको मितिको भोलि पल्ट देखि २०८२ जेष्ठ मसान्तसम्म बिहान ८.०० बजे देखि वेलुका ६.०० बजे सम्म मात्र उत्खनन् एवं सङ्कलन समय अवधि हुनेछ ।

३९. ढुंगा, गिट्टी, बालुवाको उत्खनन्/सङ्कलन गर्दा एक्साभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्न पाइनेछैन् तर विशेष परिस्थितिको सन्दर्भमा

नदीजन्य तथा खानीजन्य पदार्थ आन्तरिक अनुगमन समिति, जिल्ला अनुगमन समितिको निर्णय तथा वातावरणीय मुल्याङ्कन प्रतिवेदनमा उल्लेख भए वमोजिम हुनेछ।

४०. चालु आर्थिक बर्षमा तोकिएको अवधि भित्र उत्खनन गरेको निर्माण सामग्रीहरु सम्म विक्री वितरण गर्दा २०८२ जेष्ठ मसान्तसम्म पनि मौज्दात बाँकी रहने अवस्था रहेमा अवधि समाप्त हुनुभन्दा एक हप्ता अगावै निर्देशिकामा उल्लेखित प्राविधिक समितिवाट एकिन गराई सबै स्थानहरुमा रहेको मौज्दात प्रमाणित गराउनुपर्नेछ । तर नदी वा नदी किनारामा रहेको सामग्रीलाई मौज्दात मानिने छैन् ।

४१. उत्खनन् पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगि पूर्व अवस्थामा छोड्नु पर्नेछ। नदीको धार बदलिने गरी उत्खनन गर्न पाइनेछैन्।

४२. निर्माण सामग्री उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी/कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा बिक्री प्रवन्ध मिलाउनु पर्नेछ।

४३. ठेकेदारका कर्मचारी तथा कामदरहरुको कारण वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनु पर्नेछ। साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि विमा गर्ने गराउने दायित्व ठेकेदार स्वयंको हुनेछ।

४४. स्थानीय स्तरमा उठ्ने विवादहरुको समाधान गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति/फर्म/ठेकेदारको हुनेछ यसमा कार्यालयले आवश्यक सहकार्य गर्नसक्नेछ ।

४५.

४६. यस सूचना बमोजिम हुने ठेक्का सम्झौताको अवधि सम्झौताको शर्तहरुमा तोकिए बमोजिम हुनेछ ।

४७. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा सम्बद्ध ऐन, नियम, कार्यविधि र स्थानीय सरकारबाट जारी भएको नियम बमोजिम हुनेछ।

४८. वातावरणीय मुल्याङ्कन प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनिकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् तथा बिक्रि वितरण गर्नु पर्नेछ।

४९. बोलपत्र सम्बन्धी कुनै बिबाद् भएमा शैल्यशिखर नगर कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

५०. टेण्डर फाराम मूल्य रु.३०००।-

शैल्यशिखर नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोकुलेश्वर, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

सुरेन्द्रबहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत